नेपाल सरकार

गृह मन्त्रालय

जिल्ला प्रशासन कार्यालय,पर्सा

प्रमुख जिल्ला अधिकारी श्री हिरालाल रेग्मीज्युले गरेको फैसला

मुद्दा-:सार्वजनिक शान्ति बिरुद्धको कसूर ।

मि.नं.-६०९ , दायर मिति-:२०८०-०२-१८

फैसला मिति-२०८०-०४-१८

वादी

प्र.स.नि.गुलसन कुमार सिंह समेतको

प्रतिवेदनले नेपाल सरकार-------------१

प्रतिवादी

जिल्ला बारा बिश्रामपुर गा.पा.वडा नं.५ बस्ने बर्ष ४३ को मुखतार मियाँ तेली------------------------१

प्रस्तुत मुद्दा यस कार्यालयको क्षेत्राधिकार भित्र पर्ने भई यस मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छः-

## तथ्य-खण्ड

**१.प्रतिवादीले बिभिन्न अपशब्द प्रयोग गर्दै गाली गलौज तथा कर्तव्य पालनामा बाधा पुर्याई अभद्र व्यवहार गरेको भन्ने प्रहरी प्रतिवेदन।**

**२. बिभिन्न अपशब्द प्रयोग गर्दै गाली गलौज तथा कर्तव्य पालनामा बाधा पुर्याई अभद्र व्यवहार गरेकोले मलाई पक्राउ गरेको हो भन्ने प्रतिवादीको बयान कागज।**

**३. बिभिन्न अपशब्द प्रयोग गर्दै गाली गलौज तथा कर्तव्य पालनामा बाधा पुर्याई अभद्र व्यवहार गरेकोले कडा कारवाही हुनु पर्छ भनि मौकामा बुझिएका रेयाज आलम समेतको घटनाविवरण कागज।**

**४.वकपत्रका लागि उपस्थित गराउन जिल्ला प्रहरी कार्यालय पर्सालाई लेखिएको यस कार्यालयको पत्र।**

**५.जि.स.व.का.पर्सालाई पेशीको जानकारी भनी लेखिएको यस कार्यालयको पत्र।**

## ठहर-खण्ड

**यसमा २०८०।२।३ गते जिल्ला पर्सा बीरगंज म.न.पा.वडा नं.४ स्थित ड्युटीमा रहेका प्रहरी कर्मचारीलाई गाली गलौज गर्दै कर्तव्य पालनामा बाधा पुर्याएकोले मुखतार मियाँ तेलीलाई पक्राउ गरेको भन्ने घटनास्थल मुचुल्का तथा प्रहरी प्रतिवेदन रहेको, सोही व्यहोरालाई पुर्ण समर्थन हुने गरी मौकामा बुझिएका घटनाविवरणको साक्षीहरुले गरी दिएको कागज तथा अधिकार प्राप्त अधिकारी समक्ष यी प्रतिवादी गरेको बयान तथा प्रतिवादीले यस कार्यालयमा उपस्थित भई गरेको साबिती बयान समेतको आधारमा यी प्रतिवादीले मुलुकी अपराध संहिता,२०७४ को दफा ६६(१) बमोजिम कसूर गरेको ठहर्छ। सो ठहर्नाले मुलुकी अपराध संहिता,२०७४ को दफा ६६(२) बमोजिम प्रतिवादी मुखतार मियाँ तेलीलाई जरिवाना रु ६,०००।- गर्ने। अरुमा तपसिल बमोजिम गर्नु भनी यो फैसला गरिदिए।**

## तपसिल खण्ड

**१.माथि इन्साफ खण्डमा लेखिए बमोजिम मुलुकी अपराध संहिता,२०७४ को दफा ६६(१) बमोजिमको अपराधमा ऐ.संहिताको दफा ६६(२) बमोजीम प्रतिवादी मुखतार मियाँ तेलीलाई ठहरेको जरिवानाको हकमा मिति २०८०-०२-१८ गते र.नं. ८६८ बाट दाखिला गरेको धरौटी रकम रु ६,०००।- बाट जरिवाना रकम रु ६,००० कट्टा गरि मिनाहा गर्नु।-------------------------------------------------------------------------------------------------------------------१**

**२.प्रस्तुत फैसलामा चित नबुझे३५ दिन भित्र पर्सा जिल्ला अदालत वीरगंजमा पुरावेदन गर्नुभनी प्रतिवादीलाई पुनरावेदनको म्याद दिनु----------------------------------------------------------------------------------------------१**

**३.फैसलाको जानकारी जिल्ला सरकारी वकिल कार्यालय पर्सालाई दिनु-------------------------------------------------१**

**४.प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गर्नु र सरोकारवालाले फैसलाको नक्कल माँग गरेमा रितपुर्वक नक्कल दिनु----१**

हिरालाल रेग्मी

प्रमुख जिल्ला अधिकारी

ईति सम्बत २०८० साल श्रावण महिना १८ गते रोज ५ शुभम् .........................